# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (९) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल
२०७८/१०/७

## भाग-२

## लिम्चुङबुङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७८

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०७८ सारको कार्यविधि नं ०९**

## लिम्चुङबुङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७८

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१) बमोजिम गाउँपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यक्ता र विशिष्टता समेतलाई ध्यान राखी कर्मचारी समायोजन भएपछी मात्र सङ्गठन तथा व्यवस्थापन सर्वक्षणका आधारमा गाउँपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्ने र सोही ऐनको दफा ८३ को उपदफा (२) बमोजिम वडाको सङ्गठन संरचना समेत समावेश गर्ने व्यवस्थाको कार्यान्वयनका लागि ऐनको दफा ८३ को उपदफा (३) बमोजिम प्रस्ताव तयार गर्ने प्रयोजनका लागि लिम्चुङबुङ गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम “लिम्चुङबुङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७८” रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भऐको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) गाउँपालिका भन्नाले लिम्चुङबुङ गाउँपालिका सम्झनु पर्छ ।

(ख) गाउँ कार्यपालिका भन्नाले लिम्चुङबुङ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) अध्यक्ष भन्नाले लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) उपाध्यक्ष भन्नले लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले लिम्चुङबुङ गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) सभा भन्नाले लिम्चुङबुङ गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(छ) समिति भन्नाले निर्देशिकाको दफा ५ बमोजिम गठन गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ ।

(ज) सर्वेक्षण भन्नाले सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) गाउँपालिकाबाट हुने सर्वेक्षण प्रक्रियालाई व्यवस्थित गर्ने ।

(ख) सर्वेक्षण कार्यमा स्पष्ट मार्गदर्शन गर्ने ।

(ग) सर्वेक्षण सम्बन्धी काममा एकरुपता प्रदान गर्ने ।

**४. सर्वेक्षण गर्नु पूर्व ध्यान दिनु पर्ने विषय :** सर्वेक्षण गर्नु पूर्व देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) सङ्गठनको कार्य सरलीकरण र छरितो व्यवस्थापन सम्बन्धी विषय,

(ख) गाउँपालिकाको सांगठनिक संरचनालाई उपयुक्त आकारमा ल्याउने विषय,

(ग) सङ्गठनलाई समसामयिक रुपमा सुदृढ, सक्षम, चुस्त दुरुस्त बनाउनका लागि आवश्यक पर्ने नीति, रणनीति, योजना र व्यवस्थापन सम्बन्धी विषय,

(घ) सेवाग्राहीलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको प्रभावकारिता अभिवृद्धि उगर्ने विषय,

(ङ) सङ्गठनलाई प्रभावकारी , कार्यमूलक तथा उपलब्धीमूलक बनाउन आवश्यक पर्ने संरचनागत पक्षसँग सम्बन्धित विषय,

(च) कर्मचारी उत्प्रेरणा र मनोबलको अभिवृद्धीसँगै उत्पादन र उत्पादकत्व बढाउन आवश्यक पर्ने योजना र रणनीतिसँग सम्बन्धित विषय,

(छ) सङ्गठनलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने श्रोत साधनहरुको खोजी, प्राप्ति र प्रभावकारी परिचालन सम्बन्धी विषय,

(ज) सङ्गठनको योजना, कार्यक्रम, कर्मचारी व्यवस्था, समन्वय, बजेट नियन्त्रण , निर्देशन सुपरिवेक्षण , संगठनात्मक संचार एवं सूचना प्रविधि सम्बन्धी विषय ।

**५. सर्वेक्षणका आधारहरु :** सर्वेक्षण गर्दा देहाय बमोजिमका आधारहरु लिनु पर्नेछः

(क) सङ्गठनको उद्देश्य

(ख) सङ्गठनको कार्यबोझ

(ग) सङ्गठनको कार्यप्रकृति,

(घ) सङ्गठनको वित्तीय अवस्था,

(ङ) सङ्गठनको जनशक्ति।

**६. कार्यक्रमको विश्लेषण :** गाउँपालिकाको अधिकार क्षेत्रमा रहेको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति, कार्यक्रम, बजेट, आवधिक योजना तथा यस्ता कुनै आधिकारिक दस्तावेजमा उल्लेख भए बमोजिम नयाँ सङ्गठनको आवश्यक्ता वा मौजुदा सङ्गठनको कार्यक्रममा वृद्धि हुन गएमा सो को अवस्था विश्लेषण गरी कार्यक्रम कार्यान्वयन आवश्यक पर्ने सांगठनिक ढाँचा तथा आवश्यक पर्ने जनशक्ति तय गर्नु पर्नेछ ।

**७. कार्यबोझको विश्लेषण :** सङ्गठनको कार्यबोझको आधारमा दरबन्दी तय गर्नु पर्ने हुन्छ । यसका लागि कार्यबोझ विश्लेषण गर्नु पर्नेछ । देहाय बमोजिम कार्यबोझको विश्लेषण गर्नु पर्नेछ :-

(क) निश्चित मापदण्ड तथा सूचक बनाउनु पर्छ ।

(ख) कर्मचारीले गर्न सक्ने कामको विश्लेषण गरि निश्चित मापदण्ड बनाउन पर्छ ।

(ग) सूचक र मापदण्डको आधारमा वास्तवि कर्मचारी संख्या निर्धारण गर्ने ।

(घ) कार्यबोझको निर्धारण गर्दा प्रश्नावली , तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्नु पर्छ ।

**८. कार्य प्रकृतिको विश्लेषण :** दरबन्दी संख्यालाइ कार्यप्रकृतिको आधारमासमेत विश्लेषण गर्नुपर्छ :-

(क) कामको प्रकृति,

(ख) भौगोलिक क्षेत्र,

(ग) दरबन्दी थप्न, घटाउनको औचित्य,

(घ) उपलब्ध हुने मानव श्रोतको विवेचना गरि औचित्य पुष्टी गर्ने ।

**९. वित्तीय श्रोतको विश्लेषण :** सर्वेक्षण गरिने नयाँ सङ्गठनको स्थापना गर्दा वा मौजुदा सङ्गठन, दरबन्दी तथा व्यवस्थापन परिवर्तन गर्दा गत वर्षहरुमा भएको प्रशासनिक र चालु खर्चका आधारमा प्रस्तावित सङ्गठनको लागि नयाँ थप हुने जनशक्तिको खर्च, कार्यालय भवन वा भाडा खर्च, सवारी साधन, उपकरण , फर्निसिङ्ग लगायतका प्रशासनिक र चालु खर्चमा एकै पटक वा सालबसाली खर्चको विश्लेषण गर्नु पर्दछ , जसले गर्दा सङ्गठनको औचित्य पुष्टि हुन सक्छ ।

**१०. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठन :** (१) देहाय बमोजिमको सर्वेक्षण समिति गठन गर्नु पर्नेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत :- संयोजक

(ख) लेखा अधिकृत : सदस्य

(ग) विषयगत शाखाहरुको अधिकृत स्तरका शाखा प्रमुखहरु : सदस्य
(घ) प्रशासन शाखा प्रमुख : सदस्य सचिव ।
(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक्ता अनुसार विषय विज्ञ वा सरोकारवालालाई समेत सदस्यको रुपमा राख्न वा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।
(३) उपदफा (१) बमोजिमको समितिले यस निर्देशिका बमोजिम सर्वेक्षण प्रतिवेदन तयार गर्न सक्नेछ ।
(४) उपदफा (१) बमोजिम गठित समितिका संयोजकले गाउँपालिका गाउँपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताब तयार गर्नु पर्नेछ ।
(५) उपदफा (५) बमोजिम कर्मचारीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधी उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च ब्यहोर्ने श्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।
(६) उपदफा (१) बमोजिम समितिले दरबन्दी प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च ब्यहोर्ने श्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।
(७) उपदफा (१) बमोजिम गठित समितिले सर्वेक्षणको लागि आवश्यक विशेषज्ञ सेवा प्रचलित खरिद ऐन, नियमावली बमोजिम खरिद गर्न सक्नेछन ।

**११. प्रतिवेदनको ढाँचा :**
(१) समितिले आवश्यक्ता अनुसार सर्वेक्षण गरी कार्यक्रम, कार्यबोझ तथा कार्य प्रकृतिको विश्लेषण गरेर सांगठनिक ढाँचा तथा दरबन्दी प्रस्ताव गरी समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।
(२) सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१२. सङ्गठन र दरबन्दी स्वीकृति :-** (१) दफा ११ बमोजिम तयार भएको प्रतिवेदन माथि गाउँ कार्यपालिकामा छलफल गरि ऐनको दफा (१०) बमोजिम सभाबाट स्वीकृत गराउनु पर्नेछ ।
**१३. स्वीकृत सङ्गठन र पद दर्ता गर्नुपर्ने :** (१) दफा (१२) बमोजिम गाउँ सभाबाट स्वीकृत सङ्गठन र पद गाउँपालिकाको कर्मचारी प्रशासन शाखामा दर्ता गर्नु पर्छ।
**१४. मार्गदर्शनको रुपमा रहने:** यो निर्देशिका गाउँपालिकाको कोषबाट तलबभत्ता वा सुविधा पाउने सबै सङ्गठनका लागि मार्गदर्शनको रुपमा हुनेछ ।

अनुसूची — १

दफा ११ को उपदफा (२) सँग सम्बन्धित

**सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा**

**भाग -१**

१. अध्ययनको पृष्ठभूमीः
२. अध्ययनको उद्देश्य :
३. अध्ययनको विधि र सीमाः

**भाग-२**

१. मौजुदा सङ्गठनको कार्यक्षेत्रः
२. मौजुदा साङ्गठनिक ढाँचा :
३. मौजुदा दरबन्दीको अवस्था :
४. मौजुदा सङ्गठन संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरु

**भाग -३**

१. कार्यक्रमको विश्लेषण
२. कार्यबोझको विश्लेषण
३. कार्य प्रकृतिको विश्लेषण
४. उपलब्ध मानव श्रोतको आँकलन
५. सङ्गठनको वित्तीय अवस्थाको विश्लेषण
६. परिवर्तनको औचित्य :

**भाग-४**

प्रस्तावित सङ्गठन, दरबन्दी र सिफारिस

१. प्रस्तावित सङ्गठनको ढाँचाको व्याख्या
२. प्रस्तावित दरवन्दी विवरणको व्याख्या
३. अन्य सुझाव तथा सिफारिस
४. अनुसूचीहरुः
   (क) मौजुदा तथा प्रस्तावित सांगठनिक ढाँचा
   (ख) मौजुदा तथा प्रस्तावित दरबन्दी तेरिजको विवरण
   (ग) प्रस्तावित संगठन, महाशाखा, शाखा तथा पदहरुको कार्यविवरण ।

**आज्ञाले**

टार्जन कुमार लिम्बु

(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७८/१०/१०